**कोष व्यवस्थापन कम्पनी लिमिटेड**

**Fund Management Company Limited**

(कृषि विकास बैंक लि. द्वारा संस्थापित प्रवर्द्धित तथा व्यवस्थित)

# वार्षिक प्रतिवेदन

## आठौं

## वार्षिक साधारणसभा

(आर्थिक वर्ष २०८०/८१)

**कोष व्यवस्थापन कम्पनी लिमिटेड**

**Fund Management Company Limited**

(कृषि विकास बैंक लि. द्वारा संस्थापित प्रवर्द्धित तथा व्यवस्थित)

# संचालक समिति



**प्रेम कुमार श्रेष्ठ**
अध्यक्ष



**मीनराज पोखरेल**
संचालक
प्रतिनिधि–कृषि विकास बैंक लि.



**सुशिल हुमागाई**
संचालक
प्रतिनिधि–कृषि विकास बैंक लि.



**सूर्य प्रकाश हाडा**
स्वतन्त्र संचालक



**दिल बस्नेत**
संचालक
शेयरधनीबाट निर्वाचित



**उमेश राज रिजाल**
महाप्रबन्धक



**व्यास कुमार शर्मा**
कम्पनी सचिव








# कोष व्यवस्थापन कम्पनी लिमिटेड
**Fund Management Company Limited**

(कृषि विकास बैंक लिमिटेडद्वारा संस्थापित, प्रबर्द्धित तथा व्यवस्थित)

# आठौं
# वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०८०/८१)

FMCL


**कोष व्यवस्थापन कम्पनी लिमिटेड**

**Fund Management Company Limited**

www.fmcl.org.np

Email: fund.maco@gmail.com

# विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ संख्या |
|---|---|---|
| १ | आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना | १ |
| २ | वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी | २ |
| ३ | प्रोक्सी फाराम | ३ |
| ४ | संचालक समितिको प्रतिवेदन | ४ |
| ५ | कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमको विवरणहरू | ९ |
| ६ | कम्पनीको वर्तमान संचालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकको विवरण | १२ |
| ७ | साधारण सभा अवधिको नाफा/नोक्सान, लेखापरीक्षकको विवरण, लेखापरीक्षण सम्पन्न भएको मिति, लेखापरीक्षक र संचालकहरू तथा महाप्रबन्धकहरूको विवरण | १३ |
| ८ | आ.व.२०८०/८१ को लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण | १४ |
| ९ | नगद लाभांस सम्बन्धमा | २८ |
| १० | लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक र सेवा शर्त सम्बन्धमा | २८ |
| ११ | कम्पनीको संस्थापक शेयरधनीहरूको विवरण | २९ |
| १२ | कम्पनी स्थापनादेखि हालसम्मको अध्यक्षहरूको नामावली तथा कार्यकाल | ३० |
| १३ | कम्पनी स्थापनादेखि हालसम्मको संचालकहरूको नामावली तथा कार्यकाल | ३१ |
| १४ | कम्पनी स्थापनादेखि हालसम्मको महाप्रबन्धकहरूको नामावली तथा कार्यकाल | ३२ |

# कोष व्यवस्थापन कम्पनी लिमिटेडको

## आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०८/०७**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस कोष व्यवस्थापन कम्पनीको सञ्चालक समितिको मिति २०८१/०७/२६ मा बसेको ३६६ औं बैठकको निर्णयानुसार यस कम्पनीको साधारण सभा निम्न लिखित स्थान, मिति र समयमा निम्न विषयहरू उपर छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**साधारण सभा हुने मिति, स्थान र समयः**

मितिः २०८१/०८/२९ गते (शनिबार)
स्थानः कृषि विकास बैंक लिमिटेड मुख्य कार्यालयको सभाहल, रामशाहपथ, काठमाण्डौ ।
समयः बिहान ११:३० बजे ।

**छलफलका विषयहरूः**

**(क) सामान्य प्रस्ताव**

1. आ. व. २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन माथी छलफल गरी पारित गर्ने ।
2. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात र आ.व २०८०/८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत बार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।
3. संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक बर्ष २०८०÷८१ को लागि चुक्ता पूँजीको १५.७८९५% का दरले हुन आउने रु.४९,०२,३२३।९६ (अक्षरेपि उन्चास लाख दुई हजार तिन सय तेइस र पैसा छयानब्बे मात्र) बराबरको नगद लाभांस (लाभांस कर समेत) वितरण गर्न स्विकृति प्रदान गर्ने ।
4. आर्थिक वर्ष २०८१/८२ को लागि महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस कम्पनीको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।

**(ख) विविध**

**द्रष्टव्यः**

१. कम्पनीको आठौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको कार्यालय काठमाण्डौबाट प्राप्त गर्न सकिने छ । कम्पनीको कार्यालयमा उपस्थित हुन नसक्ने आदरणीय शेयरधनी महानुभावहरूले कम्पनीको वेभसाइट https://www.fmcl.org.np/ मा वार्षिक प्रतिवेदन प्राप्त गर्न सक्नुहुनेछ ।
२. साधारण सभामा उपस्थित हुँदा शेयरधनी महानुभावहरूले शेयर प्रमाण-पत्र वा परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपले ल्याउनु हुन अनुरोध गरिन्छ ।
३. साधारण सभा हुने दिन तोकिएको समयमा उपस्थित भई दिनु हुन अनुरोध छ । उक्त दिन बिहान १०:३० बजेदेखि शेयरधनी उपस्थिति पुस्तिका खुल्ला गरिने छ ।
४. साधारण सभा सम्बन्धी अन्य कुनै थप जानकारी चाहिएमा यस कम्पनीको कार्यालयमा वा टेलिफोन नं. ९८४१३७१९६५ वा ९८४१५२५४६४ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**
**कोष व्यवस्थापन कम्पनी लिमिटेड**

# कोष व्यवस्थापन कम्पनी लिमिटेडको
## वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हुने दिन शेयरको भौतिक प्रमाणपत्र वा सोको प्रतिलिपी वा शेयरधनी परिचय नम्बर सहित सक्कल नागरिकताको प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

(२) शेयरधनी महानुभावहरूको सुविधाका लागि कम्पनी ऐन अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरू कम्पनीको कार्यालयबाट शेयर प्रमाणपत्र प्रस्तुत गरी अवलोकन गर्न र प्राप्त गर्न सक्नु हुनेछ । साथै उपरोक्त उल्लेखित विवरण प्रतिवेदनहरू यस कम्पनीको वेभसाइट https://www.fmcl.org.np मा समेत अपलोड गरिएको छ ।

(३) शेयरधनी महानुभावहरूले आफ्नो राय, सुझाव, जिज्ञासा तथा प्रश्न केहि भएमा मिति २०८१ मंसिर २६ गते भित्र कम्पनीको इमेल fund.maco@gmail.com मा इमेल गरी वा कम्पनीको टेलिफोन नं. ९८४१५२५४६४, ९८४१३७१९६५ वा ९८५५०५९६२८ मा फोन गरी कार्यालयमा वा कम्पनी सचिवलाई सम्पर्क गरी टिपाउन सक्नु हुनेछ । शेयरधनी महानुभावहरूले टिपाउनु भएका राय सुझाव, जिज्ञासा तथा प्रश्नहरू संकलन गरी सोको जवाफ साधारण सभाको क्रममा दिने व्यवस्था मिलाइएको छ ।

(४) एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गर्नुभएको अवस्थामा “मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि-पत्र (प्रोक्सी) लाई मान्यता दिईयोस” भनी छुट्टै पत्र लेखी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालय रत्नपार्कमा दर्ता भएको अवस्थामा अन्य सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सो बमोजिम नगरी एकै शेयरधनीले एकभन्दा बढी व्यक्तिहरूलाई प्रतिनिधि-पत्र (प्रोक्सी) नियुक्त गरेको पाइएमा त्यस्ता सबै प्रतिनिधि-पत्र (प्रोक्सी) हरू बदर हुनेछन् ।

(५) नावालक वा मानसिक रुपले अशक्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरूले सभामा भाग लिन सक्नु हुनेछ । शेयरधनीहरूको दर्ता कितावमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

(६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफैं सभामा उपस्थित भई शेयरधनी उपस्थिति पुस्तिकामा दस्तखत गर्नु भएमा प्रतिनिधि (प्रोक्सी) दिईसकेको भए पनि त्यस्तो प्रोक्सी स्वतः वदर हुनेछ ।

(७) शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:३० बजेदेखि खुला रहने छ । शेयरधनी नम्वरको आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावहरूले आफ्नो शेयरधनी नम्वर अनिवार्य रुपमा प्रस्तुत गरी दिनु हुन समेत अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**
**कोष व्यवस्थापन कम्पनी लिमिटेड**

# कोष व्यवस्थापन कम्पनी लिमिटेडको
# प्रोक्सी फाराम

श्री सञ्चालक समिति,
कोष व्यवस्थापन कम्पनी लिमिटेड
काठमाण्डौ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

............ जिल्ला ................ न.पा/गा.पा. वडा नं. ...... बस्ने म/हामी ......................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले **२०८१ साल मंसिर २९ गते (१४ डिसेम्बर २०२४) शनिबारका दिन हुने आठौं वार्षिक साधारण सभा**मा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ........ जिल्ला ....... म.न.पा/उ.प.न.पा./न.पा./गा.पा. (साविक.......................................................) वडा नं. ...... बस्ने श्री .......................... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

| प्रतिनिधि नियुक्त भएको व्यक्तिको हस्ताक्षरको नमूनाः | |
|---|---|

नामः .........................................................
ठेगानाः .....................................................
शेयरधनी नं.:................................................
शेयर प्रमाणपत्र नं.: ........................................
शेयर संख्याः .................................................
मितिः .........................................................

**निवेदक**
दस्तखतः ..................................................................
नामः.........................................................................
ठेगानाः ...................................................................
शेयरधनी नं.:................................................
शेयर प्रमाणपत्र नं.: ........................................
शेयर संख्याः .................................................
मितिः .........................................................

**द्रष्टव्यः** (१) प्रोक्सी नियुक्त गरिएको दरखास्त कम्पनीको कार्यालयमा साभारण सभा हुनुभन्दा कम्तीमा ९६ घण्टा अघि दर्ता गरी सक्नु पर्नेछ ।

---

**कोष व्यवस्थापन कम्पनी लिमिटेड**
(२०८१ साल मंसिर २९ गते (१४ डिसेम्बर २०२४) शनिबारका दिन हुने आठौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र)

## प्रवेश-पत्र

शेयरधनी नामः ..............................
शेयरधनी परिचय नं.: ............
शेयर प्रमाणपत्र नं.: ..........
शेयर संख्याः ...................
शेयरधनीको हस्ताक्षरः .....................

**द्रष्टव्यः**
(१) शेयरधनीहरू आफैले खाली ठाँउहरूमा भर्नु हुन अनुरोध छ ।
(२) सभाकक्षमा प्रवेश गर्न प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ ।

.........................
आधिकारीक दस्तखत
कम्पनी सचिव

# संचालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरू,**

कोष व्यवस्थापन कम्पनी लिमिटेडको आठौं वार्षिक साधारण सभा सम्पन्न गर्न उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई कम्पनीको संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु ।

कृषि विकास बैंक लिमिटेड, बैंकका कर्मचारीहरू र सर्वसाधारण समेतको सहभागितामा बैंकका कर्मचारीहरूको संचयकोषको रकम र अन्य पूँजी रकमलाई घर जग्गा व्यवसाय, संगठित संस्थाहरूको धितोपत्र र ऋणपत्रहरू तथा अन्य सम्भाव्य क्षेत्रमा लगानी गरी अधिकतम प्रतिफल प्राप्त गर्ने उद्देश्यले मिति २०५० साल चैत्र २३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०५०/१२/३० देखि सञ्चालनमा आएको यस कोष व्यवस्थापन कम्पनी लिमिटेडले विभिन्न आरोह-अवरोहहरू पार गर्दै अहिलेको अवस्थामा पुगेको छ । मिति २०८०/०९/०९ मा कम्पनीको सातौं वार्षिक साधारण सभा सम्पन्न भई सकेको छ र नियमित रूपमा साधारण सभा गर्दै जाने परिपाटी अनुसार आजको आठौं साधारण सभा सम्पन्न गर्न उपस्थित सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरू, विभिन्न निकायका प्रतिनिधिज्यूहरू र अन्य उपस्थित सबैलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस अवसरमा मा आर्थिक बर्ष २०८०÷८१ को वासलात, नाफा-नोक्सान हिसाब, अन्य आयको विवरण, नगद प्रवाह तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरू सभाको स्विकृतिको लागि प्रस्तुत गर्दछु । म यस सम्मानित सभामा संचालक समितिको तर्फबाट आर्थिक क्षेत्रको परिसूचक प्रस्तुत गर्दै कम्पनीले समिक्षा अवधिमा गरेको कार्य प्रगतिको विवरण तथा भावी कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

## १. राष्ट्रिय/अन्तर्राष्ट्रिय अर्थतन्त्र

### अन्तर्राष्ट्रिय परिदृश्य

अन्तर्राष्ट्रिय मुद्रा कोषको अपेक्षा अनुसार सन् २०२२ मा ३.५ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२३ मा ३.२ प्रतिशतले विस्तार भएको छ । सन् २०२४ र २०२५ मा पनि विश्व अर्थतन्त्रको वृद्धि दर क्रमशः ३.२ र ३.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । यसैगरी, सन् २०२२ मा २.६ प्रतिशतले वृद्धि भएको विकसित अर्थतन्त्रको वृद्धिदर सन् २०२३ मा १.६ प्रतिशतमा सीमित भएको छ भने उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रमा सन् २०२२ मा ४.१ प्रतिशतको वृद्धि दर सन् २०२३ मा ४.३ प्रतिशत रहेको छ । सन् २०२४ मा विकसित अर्थतन्त्रको वृद्धिदर १.७ प्रतिशत र उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको वृद्धिदर ४.२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

सन् २०२३ मा छिमेकी मुलुकहरू भारत र चीनको अर्थतन्त्र क्रमशः ६.१ प्रतिशत र ५.२ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । सन् २०२४ मा यी दुई मुलुकको वृद्धि दर क्रमशः ६.८ प्रतिशत र ४.५ प्रतिशत रहने अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रक्षेपण गरेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार उदीयमान र विकासोन्मुख अर्थतन्त्रमा मुद्रास्फीति सन् २०२३ मा ८.८ प्रतिशत रहेको छ र सन् २०२४ मा पनि ६.५ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। भारत र चीनका मुद्रास्फीतिका दर सन् २०२३ मा क्रमशः ४.४ प्रतिशत र ०.४ प्रतिशत रहेको छ, र सन् २०२४ मा भारत र चीनको मुद्रास्फीति क्रमशः ५.५ प्रतिशत र ०.९ प्रतिशत रहने अनुमान गरिएको छ ।

### राष्ट्रिय आर्थिक परिदृश्य

अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२३ मा नेपालको कुल घरेलु उत्पादन (जीडीपी) ने.रु. ५३ खर्ब ६४ अर्व रहेको अनुमान गरेको छ, र सन् २०२४ र २०२५ मा क्रमशः ने.रु. ५८ खर्ब ७९ अर्व र ६५ खर्ब ३१ अर्व पुग्ने प्रक्षेपण गरेको छ । आर्थिक वर्ष २०८०/८१ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशतको आसपास रहने अनुमान गरिएको छ । सोही अवधिमा खाद्य र पेय पदार्थको मुद्रास्फीति ६.२७ प्रतिशत र गैर-खाद्य तथा सेवाक्षेत्रको मुद्रास्फीति २.९६ प्रतिशत रहेको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले नेपालको आर्थिक वृद्धि दर आ.व. २०८०/८१ मा ३.५ प्रतिशत र आ.व. २०८१/८२

मा ४.९ प्रतिशत हुने प्रक्षेपण गरेको छ । आर्थिक सर्वेक्षण अनुसार आ.व. २०८०/८१ मा नेपालको समग्र आर्थिक वृद्धिदर ३.८७ प्रतिशत हुने मध्ये कृषि क्षेत्रमा ३.०५% र गैह्र कृषि क्षेत्रमा ३.७५% वृद्धि हुने अनुमान गरिएको छ । नेपाल सरकारवाट प्रस्तुत आ.व. २०८१/८२ को रणनीति तथा बजेटमा आर्थिक वृद्धि ६ प्रतिशत र मुद्रा स्फिति दर ५.५ प्रतिशत हुने प्रक्षेपण गरिएको छ ।

चालु आर्थिक वर्षमा प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन ५.७ प्रतिशतले वृद्धि भई रु १ लाख ९१ हजार ८ सय ८८ (अमेरिकी डलर १४४२) पुग्ने अनुमान छ । गत आर्थिक वर्षमा यस्तो प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन रु १ लाख ८१ हजार ५ सय ६९ रहेको थियो ।

देशको समग्र आर्थिक क्रियाकलापको विश्लेषण गर्दा, आय र उत्पादनको करिब ९२.४ प्रतिशत उपभोगमा खर्च हुने भएकोले बचत र लगानीको अवस्था कमजोर रहेको पाइन्छ। कुल स्थिर लगानी कुल घरेलु उत्पादनको २४.५ प्रतिशत मात्र रहेको र यो घट्दै गएको छ, जसले देशको पूंजी निर्माणलाई कमजोर बनाइरहेको छ । यसले देशको पूर्वाधार निर्माणको गति सुस्त हुने संकेत दिन्छ, र यसको प्रत्यक्ष असर आर्थिक गतिविधि र विकासमा पर्ने छ ।

## २. विगत ५ वर्षहरूको कारोवार सिंहावलोकन :

**आ.व. २०७६/७७ देखि २०८०/८१ सम्मको कम्पनीको आर्थिक विवरणहरू निम्नानुसार रहेको छः**

(रकम रु. हजारमा)

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| चुक्ता पूँजी | 31048 | 31048 | 31048 | 31048 | 31048 |
| संचित मुनाफा (नोक्सान) | 19776 | 19693 | 20704 | 23682 | 29310 |
| दायित्व | 4170 | 5993 | 5743 | 6369 | 10761 |
| नगद तथा बैंक मौज्दात | 24195 | 25644 | 19950 | 19965 | 14688 |
| पेश्की तथा पाउनु पर्ने | 1941 | 2153 | 2788 | 3829 | 739 |
| लगानी | 26473 | 26568 | 32368 | 34875 | 53193 |
| चालु सम्पत्ति | 2233 | 2233 | 2233 | 2233 | 2233 |
| कूल आम्दानी | 3401 | 5150 | 5083 | 7634 | 14763 |
| कर्मचारी/संचालन खर्च | 2491 | 2962 | 3673 | 3311 | 4271 |
| संचालन नाफा | 911 | 2189 | 1192 | 4190 | १०३७५ |
| खुद नाफा | 3374 | 1551 | 1011 | 2979 | ७१८० |
| कुल लाभांस | 5.2632Ü | - | - | 5Ü | 15.7895Ü |

**चुक्ता पूँजी :** समग्र समिक्षा अवधिमा चुक्ता पूँजी रु.३ करोड १० लाख ४८ हजार रहेको छ ।

**संचित मुनाफा :** आर्थिक बर्ष २०७६÷७७ देखि २०८०÷८१ सम्म संचित मुनाफा रु.१ करोड ९७ लाख ७६ हजार बाट बृद्धि भई रु.२ करोड ९३ लाख १० हजार पुगेको छ ।

**लगानी :** आर्थिक बर्ष २०७६÷७७ देखि २०८०÷८१ सम्म कम्पनीको लगानी रु.२ करोड ६४ लाख ७३ हजार बाट बृद्धि भई रु.५ करोड ३१ लाख ९३ हजार पुगेको छ ।

**कूल आम्दानी :** आर्थिक बर्ष २०७६÷७७ देखि २०८०÷८१ सम्म कम्पनीको कूल आम्दानी ३४ लाख १ हजार बाट बृद्धि भई रु.१ करोड ४७ लाख ६३ हजार पुगेको छ ।

**संचालन खर्च :** आर्थिक बर्ष २०७६÷७७ देखि २०८०÷८१ सम्म कम्पनीको संचालन खर्च रु. २४ लाख ९१ हजार बाट बृद्धि भई रु.४२ लाख ७१ हजार पुगेको छ ।

**संचालन मुनाफा :** आर्थिक बर्ष २०७६÷७७ देखि २०८०÷८१ सम्म कम्पनीको संचालन मुनाफा रु. ९ लाख ११ हजार बाट बृद्धि भई रु.१ करोड ३ लाख ७५ हजार पुगेको छ ।

**खुद नाफा :** आर्थिक बर्ष २०७६÷७७ देखि २०८०÷८१ सम्म कम्पनीको खुद नाफा रु.३३ लाख ७४ हजार बाट बृद्धि भई रु.७१ लाख ८० हजार पुगेको छ ।

**कूल लाभांस :** आर्थिक बर्ष २०७६÷७७ र २०७९÷80 मा क्रमश: ५.२६३२Ü र ५Ü लाभांस बितरण गरेकोमा आर्थिक बर्ष २०८०÷८१ म १५.७८९५Ü लाभांस बितरण गर्ने प्रस्ताब गरिएको छ ।

## ३. गत वर्षको कम्पनीको कारोवारको सिंहावलोकन :

कोष व्यवस्थापन कम्पनीको आर्थिक तथा वित्तीय अवस्था सन्तोषजनक रहेको र नियमित रुपमा वार्षिक साधारण सभा गर्न समयमानै लेखापरीक्षण कार्य सम्पन्न गरी आ.व.२०८०/८१ को समेत वार्षिक प्रतिवेदन तथा आर्थिक विवरणहरू तपाईहरूका सामु आज अनुमोदनका लागि पेश गर्न पाउँदा खुशी महशुस गरेको छु ।

अब म कम्पनीको समिक्षा अवधिको कारोवारको विवरण पेश गर्ने अनुमति चाहन्छु । आर्थिक वर्ष २०८०/८१ को अवधिमा बैंकमा राखिएको निक्षेप रकमको व्याजबाट रु.१४,४५,३७७-, ऋणपत्रको व्याजबाट रु.२६,७२२।-, शेयर खरीद बिक्री कारोबारबाट रु.१,३१,४२,८०९।- र विविध रु.३०,९५१।- समेत जम्मा रु.१,४६,४५,८६१।- आम्दानी र कर्मचारी खर्च, कार्यालय खर्च र अन्य खर्च बापत जम्मा रकम रु. ४२,७१,३६०।- कटाई समिक्षा अवधिमा कम्पनीले रु.१,०३,७४,५०१।- संचालन मुनाफा आर्जन गर्न सफल भएको छ भने कर्मचारी बोनस तथा आयकर हिसावको समायोजन पश्चात खुद नाफा रकम रु.७१,८०,३८२।- कायम भएको छ ।

आर्थिक बर्ष २०७९÷८० मा खुद नाफा रकम रु.२९ लाख ७९ हजार रहेकोमा समिक्षा अवधिमा खुद मुनाफा रकम २४१Ü ले बृद्धि भएको ब्यहोरा जानकारी गराउन पाउँदा खुशी लागेको छ । आर्थिक बर्ष २०७९÷८० मा कम्पनीको वासलातको आकार (कूल सम्पत्ति) रु.६ करोड १० लाख ९९ हजार रहेकोमा समिक्षा अवधिमा १६.४०Ü अर्थात रकम रु. १ करोड २० हजारले बृद्धि भई वासलातको आकार रु.७ करोड ११ लाख १९ हजार कायम भएको ब्यहोरा जानकारी गराउँदै समिक्षा अवधिको वित्तीय विवरण र सोसँग सम्बन्धित अनुसूचीहरू यसै प्रतिवेदन साथ संलग्न रहेको जानकारी समेत गराउँदछु ।

## ४. कम्पनीको विद्यमान अवस्था :

अब म कम्पनीको विद्यमान अवस्थाको बारेमा बुँदागत रुपमा जानकारी प्रस्तुत गर्न अनुमति चाहन्छु ।

1. वि.सं. २०५० सालदेखि संचालनमा रहेको यस कम्पनी हालसम्म मुनाफामानै संचालन हुँदै आएको छ साथै आर्थिक बर्ष २०८०÷८१ को अन्त्यमा संचित मुनाफा रु.२ करोड ९३ लाख पुगेको हुँदा कम्पनीको आर्थिक तथा वित्तीय अवस्था सुदृढ रहेको ब्यहोरा जानकारी गराउँदछौं ।
2. कम्पनीले जग्गा, विभिन्न धितोपत्र (शेयर, बोण्ड, सामुहिक लगानी कोष) हरू तथा मुद्दती निक्षेपमा लगानी गर्ने गरेको छ ।
3. अधिकांश शेयर स्वामित्व कृषि विकास बैंक लिमिटेडको रहेकोले बैंकको सहायक कम्पनीको रुपमा रहेको छ ।
4. कार्यालय संचालन र कर्मचारी खर्चमा समेत मितव्ययिता कायम गरी कम्पनीलाई सन्तुलित तथा संतोषजनक ढंगले संचालन गरिएको छ ।
5. आ.व. २०८०/८१ को समेत कर चुक्ता प्रमाणपत्र प्राप्त भई सकेको छ ।
6. यस अघिको साधारण सभाबाट स्वीकृत भएको लाभांश रकम सम्बन्धित शेयरधनीहरूबाट उपलब्ध भएसम्मका बैंक खाताहरूमा जम्मा गर्ने ब्यवस्था मिलाईएको छ ।
7. कम्पनीले धितोपत्र कारोबार निर्देशिका तयार गरी सोही अन्तर्गत रही पूँजी बजारको दोश्रो बजारमा लगानी सम्बन्धी कार्यहरू गर्दै आइरहेको छ ।
8. कम्पनीको आ.व.२०७९/८० सम्मको बुझाउनु पर्ने सबै अभिलेखहरू कम्पनी रजिष्ट्रारको कार्यालयमा अध्यावधिक भई सकेको छ ।
9. कम्पनी संचालनका लागि आवश्यक नीति, नियम, कार्यविधि एवं निर्देशिका आवश्यकता अनुसार तर्जुमा भई लागु समेत गरिएको छ ।

10. कम्पनीलाई पूर्ण व्यावसायिक रुपमा सञ्चालन गर्न आवश्यक रहेकोले पूँजी व्यवस्थापनका लागि समूचित प्रयासहरू गरिएको छ ।
11. विभिन्न कम्पनीहरूको शेयरमा वास्तविकरुपमा लगानी भएको रकमको आधारमा रु.५ करोड ३१लाख ९३ हजार भएकोमा बजार मुल्यको आधारमा मुल्यांकन गर्दा रु. ३३ करोड ७८ लाख कायम हुने देखिन्छ ।
12. कम्पनीको कारोबारमा भएको बृद्धि तथा व्यवसाय बिस्तार प्रयोजनको लागि सवारीसाधन अति आवश्यक देखिएकोमा कम्पनीको सम्पत्तिमा देखिएको प्रयोग विहिन अवस्थाको धेरै पुरानो सवारी साधनलाई नियमानुसार लिलाम गरी मध्यम स्तरको नयाँ सवारीसाधन खरिद गर्ने प्रक्रिया अगाडी बढाइएको छ ।
13. कम्पनीको लगानी रहेका बिभिन्न कम्पनीहरूले जारी गरेको हकप्रद शेयरहरू खरीदको लागि आवेदन गर्ने तथा बोनस शेयर र नगद लाभांशहरू समयमै संकलन गर्ने व्यवस्था मिलाइएको छ ।
14. धितोपत्रको लिलामी प्रक्रिया तथा बोलकबोलको माध्यमबाट बिभिन्न कम्पनीहरूको शेयर खरीद कार्य समेत गर्ने गरिएको छ ।

**५. लेखापरीक्षकको नियुक्ति :**

कम्पनीको आर्थिक बर्ष २०८०÷८१ का हरहिसाबहरू लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयबाट नियुक्ती गरिएका सि.ए. राज ढकाल प्रोप्राइटर राज ढकाल एण्ड एसोसिएट्सबाट लेखापरीक्षण सम्पन्न भयो । आर्थिक बर्ष २०८१÷८२ को हरहिसाबहरू लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको समन्वयमा महालेखापरीक्षक को कार्यालयबाट प्राप्त सिफारिस अनुसार लेखापरीक्षक नियुक्त गरिनेछ ।

**६. कम्पनीका भावी कार्यक्रम तथा योजनाहरू :**

1. कम्पनीको शेयर बजार सम्बन्धी कार्यलाई अझ व्यवस्थित तुल्याई कम्पनीको नाफामा सकारात्मक प्रभाव पार्न बिशेषज्ञ वा परामर्शदाताको सहयोग लिने ।
2. कम्पनीले वर्कशप वा कार्यशाला गोष्ठी कार्यक्रम संचालन गरी तदनुरुप आवश्यक कार्ययोजना तर्जुमा गरी लागु गर्ने ।
3. दोश्रो बजारबाट शेयर खरीद बिक्रि कारोवार भइरहेको सन्दर्भमा सम्भाव्यताको आधारमा मौजुदा धितोपत्र बिक्रि तथा बिभिन्न कम्पनीका धितोपत्रहरू खरीद बिक्री गरी आय आर्जन गर्ने तथा कम्पनीको लगानी रहेका संस्थाहरूले जारी गरेका हकप्रद शेयरहरू खरीद गर्ने र नगद लाभांशहरू संकलन गरी परिचालन गर्ने ।
4. कम्पनीको शेयर नेप्सेमा तथा धितोपत्र बोर्डमा सूचिकरण गराउन पहल गर्ने ।
5. चितवन जिल्लाको भरतपुर महानगरपालिकामा रहेको जग्गाको नाप जाँच गरी चार किल्ला समेत छुट्याई उपयुक्त समयमा बेचबिखनको लागि प्रयत्न गर्ने साथै काठमाडौं आसपासका क्षेत्रमा घडेरी प्रयोजनको लागि उचित मूल्यमा जग्गा खरिद बिक्रीको प्रयास गर्ने ।
6. बाणिज्य बैंक, बिकास बैंक तथा वित्त कम्पनीहरूद्वारा संचालन गरिने धितो लिलामी कार्यमा सहभागी भई उपयुक्त घर जग्गा खरिद गर्ने, बैंक तथा वित्तीय संस्थाहरूले सकारेको सम्पत्ति बोल कबोलको माध्यमबाट बिक्री गर्दा समेत सहभागिता जनाई उपयुक्त मूल्यमा खरिद गर्ने । सो सम्बन्धी काम कारवाही गर्न गराउन कुनै कानूनी अडचन वा बाधा भए/नभएको यकिन गर्न उचित कानूनी परामर्श प्राप्त गर्ने ।
7. कम्पनीको कार्यप्रणालीमा आधुनिक प्रविधीको प्रयोग मार्फत समायानुकूल तथा सुविधा सम्पन्न तुल्याउने ।
8. कम्पनीलाई नियमसंगत ढंगबाट संचालन गर्न गराउन आवश्यक देखिएकोले धितोपत्र कारोबार निर्देशिका लागु गरिसकिएको छ तथा कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली तर्जुमा गरी लागु गर्ने प्रक्रिया अघि बढीसकेको छ ।
9. कम्पनीको व्यवसायिक क्रियाकलापहरू प्रभावकारी तथा लाभदायक ढंगबाट संचालन गर्न नयाँ कर्मचारी भर्ना गर्दा व्यवसायिक दक्षता भएकोलाई प्राथमिकता दिने ।

10. संस्थापक सदस्यहरू तथा अन्य शेयर सदस्यहरूबाट समय समयमा प्राप्त हुने उपयूक्त सुझावहरूलाई कार्यान्वयनमा ल्याउन पहल गर्दै आइएको छ ।

## ७. वितरणयोग्य मुनाफा

२०८१ आषाढ मसान्तको कम्पनीको वासलात, आर्थिक बर्ष २०८०/०८१ को नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण, सम्बन्धित अनुसूचीहरू र लेखापरीक्षकको प्रतिवेदन यसै प्रतिवेदनका अंगको रुपमा राखिएको छ । विभिन्न समस्याहरूका बावजुद समिक्षा अवधीमा कम्पनीले आर्जन गरेको वितरणयोग्य नाफा मध्ये केही रकम व्यवसायको विकासका लागि संचित राखी आर्थिक बर्ष २०८०÷८१ को लागि चुक्ता पूँजीको १५.७८९५% का दरले हुन आउने रु.४९,०२,३२३।९६ (अक्षरेपि उन्चास लाख दुई हजार तिन सय तेइस र पैसा छयानब्बे मात्र) बराबरको नगद लाभांस (लाभांस कर समेत) वितरणको प्रस्ताव पेश गरेको छु । कम्पनीले आर्थिक चुनौतिहरूलाई पार गर्दै शेयरधनीहरूको चासो र लाभलाई प्राथमिकतामा राखी कम्पनीको आर्थिक तथा वित्तीय अवस्था सुदृढ गर्ने प्रयासलाई निरन्तरता दिइएको छ ।

हामी आगामी वर्षहरूमा कम्पनीको मुनाफामा अझ वृद्धि गर्दै शेयरधनीहरूलाई समूचित प्रतिफल उपलब्ध गराउने कुरामा हाम्रो पूर्ण प्रतिबद्धता प्रकट गर्न चाहन्छौं । कम्पनीलाई प्रभावकारी ढंगबाट संचालन गर्दै कार्य प्रगतिमा निरन्तर सुधार गर्दै शेयरधनीहरूलाई समूचित लाभ प्रदान गर्ने तर्फ हाम्रो प्रमुख ध्येय रहेको छ ।

**आदरणीय शेयरधनी महानुभावहरू,**

अन्त्यमा, यस कम्पनी सञ्चालनमा सहयोग गर्ने कृषि विकास बैंक लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय, महालेखापरीक्षकको कार्यालय, लेखापरीक्षकज्यू र आदरणीय शेयरधनी महानुभावहरू लगायत सबै सरोकारवालाप्रति हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौं । त्यसैगरी, कम्पनीको उद्देश्यअनुसार व्यवसायिक रणनीतिको सफल कार्यान्वयनमा उल्लेखनीय उपलब्धि हासिल गर्नमा योगदान पुऱ्याउने कम्पनीका महाप्रबन्धक लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै कम्पनीका गतिविधीहरूलाई सकारात्मक रुपमा जनसमक्ष पुऱ्याईदिने संचारजगत र प्रत्यक्ष अप्रत्यक्ष रुपमा कम्पनीलाई सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरूप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

संचालक समितिका तर्फबाट
**प्रेम कुमार श्रेष्ठ**
अध्यक्ष

मितिः २०८१ मंसिर २९ गते शनिवार ।

# कोष व्यवस्थापन कम्पनी लिमिटेड
## (कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमको विवरणसँग सम्बन्धित)

**(क) विगत वर्षहरूको कारोवार सिंहावलोकन :**

संचालक समितिको बार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सो असरः**

- नेपाली मुद्राको अवमुल्यनले आयात महंगो पर्न गई लागत बढेर प्रतिस्पर्धात्मक क्षमता कमजोर भई विदेशी मुद्रा संचितीमा समेत कमी आउने र आर्थिक क्रियाकलापमा समेत गंभिर असर परेको देखिन्छ ।
- रुस र युक्रेन युद्ध, मध्यपूर्वको तनाब, आपूर्ति व्यवधान, पेट्रोलियम पदार्थको मूल्य बृद्धि, खाद्यान्न संकट लगायतका कारण विश्व अर्थतन्त्रको बृद्धिदर सुस्त भएको छ ।
- निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जाको बृद्धिदर कमजोर रहेको, बैकिङ्ग प्रणालीको निस्कृय कर्जा अनुपात बढ्दै गएको, आर्थिक गतिविधीमा सिथिलता आएको देखिन्छ ।
- देशमा पूर्वाधार निर्माणको सुस्त गति, बाढी पैह्रो जस्ता प्राकृतिक प्रकोपले पुऱ्याएको क्षति, मुद्रास्फिति, व्यापार घाटा वृद्धिको अवस्था देखिन्छ भने यस बर्ष विद्युत व्यापारमा निर्यात बृद्धि भई भारतसँग व्यापार घाटा घटाउने अनुमान गरिएको छ । त्यस्तै पर्यटन व्यवसाय निरन्तर फस्टाउने क्रममा रहेकोले आगामी बर्ष आर्थिक क्षेत्रमा केहि सुधार हुने अपेक्षा गरिएको छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने विषयको सम्बन्धमा सञ्चालक समितिको धारणाः**

**१) आर्थिक बर्ष २०८१/८२ को कार्तिक मसान्तसम्मको प्रगति विवरणः**

| क्र.सं. | विवरण | २०८१ कार्तिक |
|---|---|---|
| १ | शेयर पूँजी | 3,10,48,000.00 |
| २ | संचित नाफा (नोक्सान) | 3,09,52,480.37 |
| ३ | दायित्व | 72,73,209.22 |
| ४ | नगद तथा बैंक मौज्दात | 1,45,96,824.54 |
| ५ | पेश्की तथा पाउनु पर्ने | 7,09,994.80 |
| ६ | लगानी | 5,14,67,904.50 |
| ७ | चालु सम्पत्ति | 22,32,612.00 |
| ८ | कूल आम्दानी | 3745404.62 |
| ९ | कर्मचारी/संचालन खर्च | 13,64,214.18 |
| १० | संचालन नाफा | 23,81,190.44 |
| ११ | खुद नाफा | 16,42,096.45 |

यस बैंकको भावी कार्यक्रम तथा योजनाहरू संचालक समितिको बार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**(घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्धः** कम्पनीको औद्योगिक एवम् व्यवसायिक सम्बन्ध भएका सबै सरोकारवालाहरूसँग सुमधुर व्यवसायिक सम्बन्ध रहेको छ । भावी दिनहरूमा अझ बढी सुमधुर व्यवसायिक सम्बन्ध बिस्तार गर्दै लगिनेछ ।

**(ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारणः** गत आर्थिक बर्ष संचालक समितिमा कुनै हेरफेर नभएको ।

**आर्थिक बर्ष २०८०/८१ को सञ्चालक समितिका पदाधिकारीहरूको विवरण**

| क्र.सं. | सञ्चालकहरूको नाम | पद | नियुक्ति मिति | प्रतिनिधित्व |
|---|---|---|---|---|
| १ | श्री प्रेम कुमार श्रेष्ठ | अध्यक्ष | २०८०/०६/२२ | कृषि विकास बैंक लिमिटेडबाट मनोनित |
| २ | श्री मीनराज पोखरेल | सदस्य | २०७८/०९/११ | कृषि विकास बैंक लिमिटेडबाट मनोनित |
| ३ | श्री सुशिल हुमागाईं | सदस्य | २०७७/०९/१५ | कृषि विकास बैंक लिमिटेडबाट मनोनित |
| ४ | श्री सूर्य प्रकाश हाडा | सदस्य | २०७८/०२/१४ | स्वतन्त्र सञ्चालक, सञ्चालक समितिबाट नियुक्त |
| ५ | श्री दिल बस्नेत | सदस्य | २०७८/०३/२६ | चौथो साधारण सभाबाट निर्वाचित |

**(च) कारोवारलाई असर पार्ने मुख्य कुराहरू:**

- देशको आर्थिक अवस्थामा आउने परिवर्तनबाट पर्न सक्ने जोखिमहरू ।
- देशको आर्थिक, मौद्रिक तथा वित्तीय नीति परिवर्तनबाट हुन सक्ने सम्भावित जोखिमहरू ।
- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुने आर्थिक जोखिमहरू ।
- तरलतामा हुने उतार चढावका कारण निक्षेपको ब्याजदरमा हुने परिवर्तन तथा कम्पनीको आन्तरिक तरलताको अभावबाट व्यवसाय बृद्धिमा आउन सक्ने जोखिमहरू
- पूँजी बजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिमहरू ।
- बैकल्पिक लगानी क्षेत्रहरूको अभाव ।
- देशको राजनितिक अस्थिरताले पार्न सक्ने असरहरू ।
- आम्दानीका श्रोतहरू साँघुरिएको बेला लगानीकर्ताहरूलाई उच्च प्रतिफल प्रदान गरिरहने सम्बन्धी चुनौतीहरू ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया:**

सारभुत कैफियत नरहेको ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम:**

- आर्थिक बर्ष २०८०÷८१ को बितरणयोग्य मुनाफाबाट कम्पनीको २०८१ आषाढ मसान्तको चुक्ता पूँजी रु.३,१०,४८,०००/- को १५% का दरले हुन आउने रु.४६,५७,२००।- (अक्षरेपि छयालिस लाख सन्ताउन्न हजार दुई सय मात्र) र सो लाभांसको कर बापत ०.७८९५% ले हुन आउने २,४५,१२३।९६ (अक्षरेपि दुई लाख पैंतालिस हजार एक सय तेइस र पैसा छयानब्बे मात्र) गरी कूल रु.४९,०२,३२३। ९६ (अक्षरेपि उन्चास लाख दुई हजार तिन सय तेइस र पैसा छयानब्बे मात्र) बराबरको नगद लाभांस वितरणको प्रस्ताव पेश गरेको छ ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरण:**

कम्पनीले गत बर्ष कुनै पनि शेयर जफत गरेको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन:**

विगत आर्थिक वर्षमा कम्पनीको आर्थिक अवस्था राम्रो रहेको र यस वर्ष पनि कम्पनीको आर्थिक अवस्था सकारात्मक नै रहने अपेक्षा रहेको । यस कम्पनीको कुनै सहायक कम्पनी नभएको ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरू र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन:**

यस कम्पनीको कुनै सहायक कम्पनी नरहेको तथा यस कम्पनीको कारोबारमा उल्लेख्य परिवर्तन नआएको ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारीः**
यस्तो कुनै जानकारी कम्पनीलाई प्राप्त भएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारीः**

(१) संचालक सूर्य प्रकाश हाडा, शेयर संख्या २०० कित्ता
(२) संचालक दिल बस्नेत, शेयर संख्या २०० कित्ता

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोराः**
यस्तो कुनै जानकारी कम्पनीलाई प्राप्त भएको छैन ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकमः**
कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरणः**
कम्पनीले आन्तरिक नियन्त्रण प्रणाली तथा संस्थागत सुशासनको लागि हरसम्भव निरन्तर प्रयास गरीरहेको छ ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरणः**

**(रकम रु.)**

| क्र. सं. | विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|
| १ | कर्मचारी खर्च | २४,६१,८६६।०० | २४,९७,८६६।०० |
| २ | अन्य संचालन खर्च | ८,४८,७६८।१६ | १७,७३,४९३।१४ |

**(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका काम कारवाहीको विवरण र समितिले कुनै सुझाव दिएको भए सोको विवरणः**
आर्थिक बर्ष २०८०÷८१ सम्म लेखा परीक्षण समिति नभएको ।

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**
नभएको ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

| क्रं. सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | संचालक समितिको बैठक भत्ता (उपसमितिको समेत) | ३,४५,०००÷- |
| २ | महाप्रबन्धकको कूल पारिश्रमिक | २,४३,२४०÷- |

**(प) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकमः**
आ.व.२०८०/८१ सम्ममा शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकम रु.४६,४५,४८५।-

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरणः** नभएको ।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोवारको विवरणः** नभएको ।

**(भ) यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुराः**
नभएको ।

**(म) अन्य आवश्यक कुराहरूः** नभएको ।

# कोष व्यवस्थापन कम्पनी लिमिटेड

## कम्पनीको वर्तमान सञ्चालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकको विवरण

| क्र. सं. | सञ्चालक/ महाप्रबन्धकको नाम | पद | नियुक्ति मिति | प्रतिनिधित्व |
|---|---|---|---|---|
| १ | श्री प्रेम कुमार श्रेष्ठ | अध्यक्ष | २०८०/०६/२२ | कृषि विकास बैंक लिमिटेड बाट मनोनित |
| २ | श्री मीनराज पोखरेल | सदस्य | २०७८/०९/११ | कृषि विकास बैंक लिमिटेड बाट मनोनित |
| ३ | श्री सुशिल हुमागाईं | सदस्य | २०७७/०९/१५ | कृषि विकास बैंक लिमिटेड बाट मनोनित |
| ४ | श्री सूर्य प्रकाश हाडा | सदस्य | २०७८/०२/१४ | स्वतन्त्र सञ्चालक,<br>सञ्चालक समितिबाट नियुक्त |
| ५ | श्री दिल बस्नेत | सदस्य | २०७८/०३/२६ | चौथो साधारण सभाबाट निर्वाचित |
| ६ | श्री उमेश राज रिजाल | महाप्रबन्धक | २०७९/०९/२९ | कृषि विकास बैंक लिमिटेड बाट नियुक्त |

# कोष व्यवस्थापन कम्पनी लिमिटेड

## साधारण सभा अवधिको नाफा नोक्सान सारांश विवरण, लेखापरीक्षकको विवरण, लेखा परीक्षण सम्पन्न मिति र संचालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकहरूको विवरण

साधारण सभा अवधिको लेखापरीक्षकको विवरण, लेखा परीक्षण सम्पन्न मिति, कम्पनीको नाफा/नोक्सानको अवस्था, संचालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकहरूको नामावलीको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नाफा/नोक्सान | लेखापरीक्षण समाप्त मिति | लेखापरीक्षक | संचालक समितिका पदाधिकारीहरू तथा महाप्रबन्धकहरूको नामावली |
|---|---|---|---|---|---|
| १ | २०८०/८१ | ७१,८०,३८२.३५ | २०८१/०७/२३ | सि.ए. राज ढकाल<br>प्रोप्राईटर<br>राज ढकाल एण्ड एशोसियट्स | श्री प्रेम कुमार श्रेष्ठ (अध्यक्ष)<br>श्री मीनराज पोखरेल (संचालक)<br>श्री सुशिल हुमागाईं (संचालक)<br>श्री सूर्य प्रकाश हाडा (संचालक)<br>श्री दिल बस्नेत (संचालक)<br>श्री उमेश राज रिजाल (महाप्रबन्धक) |

राज ढकाल एण्ड एसोसिएट्स
RAJ DHAKAL & ASSOCIATES
Chartered Accountants

Contact: 977-9851338073, 9848439466
E-mail: carajdhakal@gmail.com
Address: Talchikhel-14, Lalitpur

**कोष व्यवस्थापन कम्पनी लिमिटेडका**
**शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन**

**लेखापरिक्षकको राय**

हामीले **कोष व्यवस्थापन कम्पनी लिमिटेड**को (यस पछि कम्पनी भनिएको) यसै साथ संलग्न २०८१ आषाढ ३१ मितिको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानी हिसाब, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू (यस पछि समग्रमा वित्तीय विवरणहरू भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरू बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरूले सारभूत रूपमा कम्पनीको मिति २०८१ आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू प्रचलित कानुन (नेपाल लेखामान) का अधिनमा रही उचित एवं यथार्थ चित्रण गर्दछ ।

**लेखापरिक्षकको रायका आधार**

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मान बमोजिम सम्पन्न गरेका छौ । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the code of Ethics for Professional Accountants बमोजिम हामी कम्पनीसँग स्वतन्त्र छौं र हामीले सो ह्याण्ड बुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौ। हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**विषय अनुच्छेदमा जोड**

